आज मिति २०७४।०८।२० गते [illegible] गाउँपालिकाको गाउँकार्यपालिकाको नियमित बैठक गाउँपालिका अध्यक्ष श्री नारायण बहादुर कि कार्कीको अध्यक्षता र तपसिलको उपस्थितीमा बसी देहाय बमोजिम निर्णय गरियो।

उपस्थिती

1. अध्यक्ष श्री नारायण बहादुर कार्की
2. उपाध्यक्ष श्री कान्ता अधिकारी
3. वडा अध्यक्ष वडा नं. १ श्री चिरञ्जीवी पोखरेल
4. " " " २ श्री ओम प्रकाश पोखरेल
5. " " " ३ श्री नारायण बहादुर के.सी.
6. " " " ४ श्री रमेश बहादुर कार्की
7. " " " ५ श्री मन बहादुर अधिकारी
8. " " " ६ श्री प्रकाश रायमाझी
9. " " " ७ श्री दान बहादुर कुँवर
10. " " " ८ श्री युग बहादुर इष्टी मगर
11. कार्यपालिका सदस्य श्री मीना शाही
12. " " श्री गीता कौशल
13. " " श्री रञ्जना रेनाल आचार्य
14. " " श्री रीता थापा
15. " " श्री शर्मिला नेपाली
16. " " श्री सुनिता बस्याल
17. सदस्य सचिव श्री पवन अर्याल
18. आमन्त्रित श्री मञ्जु पन्थी, ले.अ.
19. " श्री रवक लाल गहतराज, अधिकृत इ.

प्रस्तावहरु:

१. विभिन्न कार्यविधीका सम्बन्धमा।

२. विपद व्यवस्थापन अन्तरगत राहत वितरण सम्बन्धमा।

३. विभिन्न भुक्तानीका सम्बन्धमा।

४. प्राप्त मागहरुका सम्बन्धमा।

५. विभिन्न शाखागत कार्यक्रमहरु र बजेट Breakdown सम्बन्धमा।

६. म बनाउँछु मेरो रिब्दीकोट कार्यक्रम सञ्चालन सम्बन्धमा।

७. विविध।

निर्णयहरु:

१. विभिन्न कार्यविधिका सम्बन्धमा छलफल गरियो।

२. विपद व्यवस्थापन अन्तरगत विपद अनुगमन समितिबाट विपद पिडितहरुलाई राहत रकम प्रदान गर्न सिफारिस भई आए बमोजिमको राहत रकम वितरण गर्ने निर्णय गरियो।

३. गाउँपालिकाको सन्देशमूलक सूचना प्रकाशित गरेवापत विभिन्न पत्रिकाबाट प्राप्त बिल बमोजिमको रकम भुक्तानी दिने तर अब उपरान्त कार्यालयको लिखित रुपमा पूर्व स्वीकृति नलिई प्रकाशन गरेका सूचनाको भुक्तानी नदिने निर्णय गरियो। साथै १५ दिने मतदाता शिक्षा सञ्चालन कार्यमा प्रत्येक वडामा खटिएका जम्मा ८ जना महिला स्वास्थ्य स्वयम सेविकालाई सेवा परामर्श शिर्षकबाट रु.दश हजारका दरले र देउराली साँमुदायिक युवा क्लवलाई साँस्कृतिक कार्यक्रम सञ्चालन गरेवापत बिल भरपाईको आधारमा साँस्कृतिक महोत्सव शिर्षकबाट रु. ३० हजार दिने निर्णय गरियो।

४. पशु विकास कार्यक्रममा विनियोजित जम्मा रकम रु. २० लाखलाई तपसिल बमोजिमका कार्यक्रम संचालन गर्ने गरी बजेट ब्रेकडाउन सहित सम्वन्धीत शाखाबाट प्राप्त भएकोमा सो स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| पशु विकास कार्यक्रम | | बजेट रु हजारमा |
|---|---|---|
| क्र.सं. | कार्यक्रम | विनियोजित बजेट |
| १ | **साना व्यावसायिक पशुपालन प्रत्साहान कार्यक्रम (५०%अनुदानमा)** | ९५० |
| १.१ | गाई भैसि कार्यक्रम ( दुई गाई वा भैसि माउँ) | ५०० |
| १.२ | बाख्रा कार्यक्रम (५ माउँ बाख्रा ) | २०० |
| १.३ | बंगुर कार्यक्रम (२ माउँ बंगुर ) | २०० |
| १.४ | लोकल कुखुरा , टर्की , लौकाठ ,कार्यक्रम (50 कुखुरा अनिवार्य) | ५० |
| २ | **नश्ल सुधार कार्यक्रम** | १४० |
| २.१ | बाख्रा पालन फार्म ,समूह ,सहकारीको लागि उन्नत बोका खरिद बितरण ५०% | ६० |
| २.२ | उन्नत राँगो बितरण ५०% अनुदानमा | ८० |
| ३ | **पशुपंक्षि स्वास्थ्य सेवा कार्यक्रम** | ६५० |
| ३.१ | मेडिकल उपचार | ३०० |
| ३.२ | निशुल्क खोप तथा आकस्मिक औषधी खरिद | १०० |
| ३.३ | मेजर तथा माईनर सर्जिकल उपचार | ५० |
| ३.४ | आन्तरिक तथा बाह्य परजिवि नियन्त्रण | २०० |

| | | |
|---|---|---|
| ४ | पशु आहारा विकास कार्यक्रम | २०० |
| ४.१ | हिउँदे घाँसको विउ खरिद तथा वितरण कार्यक्रम। | १०० |
| ४.२ | वर्षे घाँसको बिरुवा खरीद तथा वितरण कार्यक्रम। | १०० |
| ५ | अन्य कार्यक्रम | ६० |
| ५.१ | मासिक स्टाफ बैठक खाजा तथा आतेजाते | २० |
| ५.२ | अनुगमन मुल्याङ्कन प्रतिवेदन लेखन। | ४० |
| | जम्मा रकम रु. | २००० |

५. म बनाउँछु मेरो रिब्दीकोट कार्यक्रम अन्तरगत स्वयमसेवाको रुपमा जनप्रतिनिधीहरु, कर्मचारीहरु तथा इच्छुक नागरिकहरुको सहभागितामा मिति २०७९/०९/०१ गतेका दिन जलेश्वर क्षेत्र सरसफाई गर्ने निर्णय गरियो।

६. विविधः

क) नवप्रवर्द्धन साझेदारी कोष कार्यक्रम अन्तरगत परियोजना सञ्चालन गर्न सम्भावित परियोजनाहरुको पूर्व सम्भाव्यत अध्ययन गरी ७ दिन भित्र प्रतिवेदन पेश गर्न तपसिलको अध्ययन टोली गठन गर्ने निर्णय गरियो।

तपसिलः

१. संयोजक श्री सोम बहादुर कार्की

२. सदस्य श्री ओम प्रसाद पोखरेल

३. सदस्य श्री दान बहादुर कुँवर

४. सदस्य श्री काशीनाथ आचार्य

५. सदस्य श्री रन्जिव कुँवर

ख) प्रत्येक वडाबाट Street Light राख्न आवश्यक पर्ने स्थान र खरको छाना भएको घरको विवरण संकलन गर्ने निर्णय गरियो।

ग) पाँच लाख वा सो भन्दा माथिका योजनाहरु उपभोक्ता समिति मार्फत सञ्चालन गर्दा नियमानुसार पेश्की रकम उपलब्ध गराउने निर्णय गरियो।

घ) धेरै कर्मचारीहरुको दरबन्दी रिक्त रहि कार्यालयका काम सुचारु गर्न कठिन भएकोले तपसिलका पदहरुमा करार सेवाबाट पदपूर्ति गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पद नाम | तह | सेवा/समूह/उपसमूह | संख्या |
|---|---|---|---|---|
| १ | अधिकृत | ६ औं | कृषि | १ |
| २ | इन्जिनियर | ६ औं | इन्जिनियरिङ/सिभिल | १ |
| ३ | सूचना प्रविधि अधिकृत | ६ औं | | १ |
| ४ | प्राविधिक सहायक | ५ औं | कृषि | १ |
| ५ | सब इन्जिनियर | ५ औं | इन्जिनियरिङ/सिभिल | २ |
| ६ | असिस्टेन्ट सब इन्जिनियर | ४ औं | इन्जिनियरिङ/सिभिल | १ |
| ७ | खा.पा.स.टे. | ४ औं | इन्जिनियरिङ/सिभिल/सेनिटरी | १ |
| ८ | हलुका सवारी चालक | श्रेणी बिहीन | | १ |
| ९ | कार्यालय सहयोगी | श्रेणी बिहीन | | १ |
| | | | | ६ |

**पुनश्च:** सवारी चालकको पदमा ४० वर्ष ननाघेका उम्मेद्वारले दरखास्त दिन पाउने व्यवस्था गर्ने।

CS CamScanner

ङ) गाउँपालिकामा मौज्दात रहेका पाइपहरु सम्बन्धित वडाको वडा अध्यक्षको सिफारिस र आवश्यकताको आधारमा गाउँपालिका अध्यक्षले निवेदक व्यक्ति वा संस्थालाई उपलब्ध गराउने निर्णय गरियो ।

CamScanner